# प्रेस विज्ञप्ती

बिभिन्न दातृ निकायहरुको सहयोगमा नेपालमा सञ्चालित बिकास आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयनका विविध पक्षमा छलफल गर्ने तथा सुधारका क्षेत्रहरु पहिल्याउने उद्देश्यले नेपाल सरकार र दातृ निकायहरु बीच रहेको विकास आयोजनाहरुको कार्यसम्पादनस्तर सुधार सम्बन्धी संयन्त्र (13th Nepal Portfolio Performance Review) को १३औं बार्षिक समिक्षा वैठक आज मिति २०७१।०१।१० गते काठमाडौंमा सम्पन्न भयो ।

उक्त वैठकमा सार्वजनिक वित्तीय व्यवस्थापन, सार्वजनिक खरिद, मानव स्रोत व्यवस्थापन, नतिजामूलक व्यवस्थापन /अनुगमन तथा मूल्यांकन र पारस्परिक उत्तरदायित्व सम्बन्धी बिषयमा गत जनवरी २६, २०१३ मा सम्पन्न भएको यस सम्वन्धि वार्षिक वैठकमा छलफल भई नेपाल सरकारले स्वीकृत गरेको कार्ययोजनाको समिक्षा गर्दै आगामी बर्ष का लागि कार्यान्वयन गरिने कार्ययोजना प्रस्तुत गरी सम्पन्न भयो ।

कार्यक्रमको पहिलो सत्रलाई सम्बोधन गर्दै मान्नीय अर्थ मन्त्री डा. राम शरण महतले आयोजना कार्यान्वयनलाई अझै प्रभावकारी बनाउन संयन्त्र महत्वपुर्ण हुने बिचार व्यक्त गर्नुहुदै यस बर्ष बिगतको भन्दा बैदेशिक सहायताको प्रतिबद्धता गरिएको रकमको प्राप्तीमा सुधार हुने बिश्वास ब्यक्त गर्नु भयो । उहाँले नयाँ बिकास सहायता नीति छिट्टै ल्याईने र यसले आयोजना छरेर कार्यान्वियन गर्ने प्रबृत्तिमा सुधार ल्याउने र प्राप्त सहयोगको सहि सदुपयोग हुने बिश्वास ब्यक्त गर्नु भयो । उहाँले दिगो आर्थिक बिकास, गरिवी निवारण र पूर्वाधार विकासका लागि आर्थिक विकासमा जोड दिनुपर्ने बताउनु भयो । प्रत्यक्ष बैदेशिक लगानी तथा निजी क्षेत्रको लगानी नबढे सम्म न्युनतम आर्थिक बृद्धि सम्भव नहुने भएकाले लगानी आकर्षित गर्नको लागि पूर्वाधार क्षेत्रको बिकास आवश्यक हुने र यसको लागि आर्थिक बृद्धि आवश्यक भएको बताउनु भयो ।

उक्त सत्रको अध्यक्षता गर्नु भएका मूख्य सचिव श्री लिलामणी पौडेलले पहिलो सत्रको समापन मन्तव्यको क्रममा बैदेशिक सहायता प्रदान गर्ने दाताहरुलाई धन्यबाद दिंदै बैदेशिक सहायताको न्यून प्रगतिमा बारम्वार कर्मचारीको सरुवालाई दाताहरुले प्रमुख समस्याको रुपमा उठाउदै आएका तर यसको कारणले के कति लागत (रकम तथा समय) बृद्धि भयो कतै बिश्लेषण हुने नगरेको बताउदै सरकारको बिकल्प निजी क्षेत्र वा कुनै गैह्र सरकारी संस्था नहुने र सरकार जत्तिको उत्तरदायी अरु क्षेत्र नहुने भएकोले दाताहरुले यसमा ध्यान दिई सरकारी पद्धतिलाई अवलम्बन गर्न जोड दिनु भयो । साथै सरकारी निकायको क्षमता बिकास गर्दै थप उत्तरदायी बनाउदै भ्रष्टाचार नियन्त्रणमा सरकार लागि परेको बताउनु भयो ।

उक्त सत्रमा अर्थ सचिव श्री युवराज भुसालले मन्तव्यको क्रममा देशको विद्यमान समग्र आर्थिक अवस्था सुधारोन्मुख रहेको र पूँजीगत खर्च बढाउन अर्थ मन्त्रालय अग्रसर रहेको जानकारी गराउदै यो कार्यक्रम आयोजना कार्यान्वयनमा देखिएको समस्याहरुको समाधान संयुक्त प्रयासबाट गर्न फलदायी हुने विश्वास व्यक्त गर्नुहुदै दाताहरुलाई समयमै सोधभर्ना तथा उपयुक्त निकास दिन अनुरोध गर्नु भयो । सम्पूर्ण विकास आवश्यकताहरु वैदेशिक सहायताबाट मात्र पुरा गर्न सम्भव नहुने तथ्यलाई मनन गर्दै नेपाल सरकारले परियोजना छनौटमा विशेष ध्यान दिने तथ्य अवगत गराउनु भयो ।

दातृ निकायको तर्फवाट बोल्दै बिश्व बैंकका नेपाल निर्देशक श्री जोहानस जुटले विश्व वैंक नेपालको राजनैतिक संक्रमण छोटिने तथा अर्थिक तथा सामाजिक विकासले गति लिने विश्वास व्यक्त गर्दै विकास परियोजनाको कार्यान्वयन गर्दा प्रक्रियामा भन्दा नतिजामा जोड दिन आग्रह गर्नुभयो । दिगो आर्थिक बृद्धिका लागि लगानी, पूर्वाधार विकास तथा समावेशीतामा विशेष ध्यान दिनुपर्ने तथ्य औल्याउदै कार्यक्रमको विषयगत छलफलमा सामाजिक तथा वातावरणीय सुरक्षाको आवश्यकता माथि प्रकास पार्नुभयो । मन्तव्यको ऋममा उहाँले स्थानिय तहमा सार्वजनिक वित्तिय व्यवस्थापन प्रभावकारी हुन नसकेको तर्फ सबैको ध्यानाकर्षण गराउदै सामूहिक प्रयासबाट जुनसुकै समस्या नदोहोरिने गरी समाधान गर्न सकिने कुरा व्यक्त गर्नु भयो ।

त्यसै गरी दातृ निकायको तर्फवाट नेपालमा दातृ निकायहरुवाट संचालित आयोजनाहरुको समग्र कार्यान्वयन अवस्थाका चूनौतिहरुको बारेका दाताहरुको तर्फवाट संयुक्त रुपमा कार्यपत्र प्रस्तुत गर्दै एसियाली बिकास बैंकका नेपाल स्थित आवासीय निर्देशक केनिचि योकोयामाले सरकारी पूँजीगत खर्चका चूनौतीहरु उल्लेख गर्दै मूख्य रुपमा न्यून समग्र पूँजीगत खर्च, समयमै बजेट कार्यक्रमको स्वीकृति, सरकारी बजेट कार्यान्वयन प्रक्रियाका कमजोरी लगायतका चूनौतीहरु औल्याउनु

भयो । वैदेशिक सहायताको विद्यमान प्रवृत्तिको बारेमा प्रकास पार्नु हुदै सरकारको खर्च गर्ने क्षमतामा सुधार गर्न जोड दिनु भयो । विद्यमान अवस्थामा देखिएका समस्या तथा चूनौतीका बारेमा वोल्दै अग्रीम बजेट स्वीकृती र समयमै खरिद व्यवस्थापन हुन सकेमा पूँजीगत खर्च बढ्न सक्ने तर्फ सरकारको ध्यानाकर्षण गराउनु भयो । यसका अलावा वजेट कार्यान्वयनमा ढिलाई, बारम्बार हुने कर्मचारी सरुवा, जग्गा प्राप्ति तथा सुरक्षा व्यवस्थापन, ठेकेदारको न्यून कार्यसम्पादन स्तर र अपर्याप्त सुपरिवेक्षण, सार्वजनिक वित्तिय व्यवस्थापन तथा सार्वजनिक खरिदका कमजोरी लगायतका चूनौतीहरु समेत उल्लेख गर्दै सोसँग सम्बन्धित सुझावहरु प्रस्तुत गर्नुभयो ।

उक्त सत्रमा अर्थ मन्त्रालय, अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका प्रमुख श्री मधु कुमार मरासिनीले स्वागत मन्तव्य व्यक्त गर्नु भयो । मन्तव्यका क्रममा उहाँले सम्पूर्ण सहभागीहरुलाई स्वागत गर्नुहुदै नेपालको विकास प्रयासमा देखिएका समस्या पहिचान गरी समाधान गर्न यस कार्यक्रमबाट प्राप्त सुझावहरु कोसेढुङ्गा सावित हुने विचार व्यक्त गर्नु भयो ।

उक्त कार्यक्रममा अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाका सह-सचिव श्री बैकुण्ठ अर्यालले सार्वजनिक खर्च ब्यवस्थापनसँग सम्बन्धित बिभिन्न पक्षमा कार्यपत्र प्रस्तुत गर्नेक्रममा नेपालको विद्यमान सार्वजनिक खर्च व्यवस्थापनको समस्या/प्रबृत्तिहरु औंल्याउदै सार्वजनिक खर्च विशेषतः पूँजीगत खर्च बढ्न नसक्नुको कारण सविस्तार गर्दै यसको समग्र सुधारका लागि गर्नुपर्ने पहल अर्थ मन्त्रालयबाट शुरु भैसकेको, सार्वजनिक वित्तिय उत्तरदायि कानून, आयोजना कार्यान्वयन सम्बन्धी नीति तथा विभिन्न क्षेत्रगत नीति/कानून तर्जुमा प्रक्रिया शुरु भैसकेको साथै सूचना प्रविधिको प्रयोगबाट बजेट निर्माण प्रक्रिया आरम्भ भैसकेको र आगामी बजेट आर्थिक बर्ष शुरु हुनु भन्दा १ महिना अगावै प्रस्तुत गर्नेगरी तयारी भैरहेको जानकारी गराउनु भयो ।

कार्यक्रमको दोस्रो सत्रको अध्यक्षता अर्थ सचिव श्री युवराज भुसालले गर्नुभयो । उक्त सत्रमा सार्वजनिक वित्तीय व्यवस्थापन, सार्वजनिक खरिद, मानवस्रोत व्यवस्थापन, नतिजामूलक व्यवस्थापन /अनुगमन तथा मूल्यांकन र पारस्परिक उत्तरदायित्व सम्बन्धी बिषयगत क्षेत्रका ५ समूहमा सहभागिहरु विभाजित भई आगामी बर्षका लागि तयार गरिएको कार्ययोजना माथि छलफल गरी सम्बन्धित क्षेत्रका संयोजकहरुले प्रस्तुतीकरण गनुभयो । यस बैठकबाट पारीत भएको सुधारको कार्ययोजना आगामी बर्ष कार्यान्वयन गरिनेछ ।

यस सम्बन्धी बार्षिक बैठक प्रत्येक वर्ष नेपाल सरकार र दाताहरुको संयुक्त सहभागितामा संचालन हुदै आएको छ । साथै बार्षिक बैठकले तय गरेको कार्ययोजना अनुरुपको प्रगति समिक्षा प्रत्येक चौमासिक रुपमा दातृनिकाय र नेपाल सरकारको संयुक्त सहभागितामा अर्थ मन्त्रालयमा हुने गरेको छ । उल्लेखनीय पक्षको रुपमा यस कार्यक्रममा नेपाल सरकारका उच्च अधिकारीहरु, परियोजना निर्देशकहरु, दातृनिकायका विशिष्ट पदाधिकारीहरु लगायत नीजि तथा गै-ह सरकारी क्षेत्रको समेतका करिब ३०० जनाको सहभागिता रह्यो ।

उक्त समिक्षा वैठकको संचालन अर्थ मन्त्रालय अन्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका उस सचिव तथा यस कार्यक्रमका संयोजक श्री कैलाश राज पोखरेलले गर्नु भएको थियो । उक्त कार्यक्रममा उहाँले गत वर्षको लागि तय गरिएको कार्ययोजनाको प्रगती समेत प्रस्तुत गर्नु हुँदै एकैप्रकारका समस्याहरुमा विगत देखिनै छलफल गरिदै आएको भएतापनि ती समस्याहरु दोहोरिने र सुधारको गति कम रहेको समेत उल्लेख गर्नुभयो । साथै उहाँले प्रगति प्रस्तुत गर्ने क्रममा गत वर्ष तय गरिएको कार्ययोजनाको प्रगतिका आधारमा सार्वजनिक वित्तिय व्यवस्थापनको अवस्था उच्चरुपमा सन्तोषजनक, मानव संसाधन व्यवस्थापन मध्यम सन्तोषजनक, नतिजा मूलक व्यवस्थापनको प्रगति सन्तोषजनक तथा पारस्परिक उत्तरदायित्व र सार्वजनिक खरिदको प्रगति न्यून सन्तोषजनक रहेको तथ्य प्रस्तुत गर्नुभयो ।

**अर्थ मन्त्रालय**
**मिति २०७१।१।१०**
**(२३ अप्रिल,२०१४)**